Mahabharata

২৫৪২৮২৪
৮২২২৯৪

श्रीमद्भागवतका पञ्चगीत

व्याख्याता
भानुप्रतापाचार्य

अनुवादक
माधवप्रसाद प्रधान

काठमाडौँ
२०५५

प्रकाशकः
माधवप्रसाद प्रधान
काल्धारा, काठमाडौँ

२९४.५९२५
U I T2 BT

प्रथम संस्करण
१००० प्रति (वि.सं. २०५५)

मूल्य :
रु. ३५।-

आवरण सज्जा :
श्रीदीपक महर्जन
कुपण्डोल।

मुद्रक :
पी.यु. प्रिन्टर्स
बत्तीसपुतली, काठमाडौँ।
फोन नं. ४७५०८८, ४८०४५२।



भगवान् श्रीकृष्णको युगल विग्रह

प्रकाशकीय

संसारको प्रत्येक प्राणी सुख र शान्ति चाहन्छ तर दुर्भाग्यवश अधिकांश व्यक्तिहरूले सच्चा सुख र शान्ति कसरी प्राप्त हुन्छ सो कुरा थाहा पाएका हुँदैनन् । उनीहरू दुनियाँको मायामोहमा फसेर भट्किन्छन् र उनीहरूको जीवनलीला समाप्त हुन्छ ।

हाम्रा पुराना-पुराना ग्रन्थहरू भन्छन् कि जीवनको वास्तविक धर्म के हो र धर्मको मर्म के हो ? जसले धर्मको मर्मलाई राम्ररी बुझेको हुन्छ उसैको जीवनयात्रा बडो आनन्दसँग सम्पन्न हुन्छ । धर्मको मर्म बुझाउने वाङ्मयहरूमा *श्रीमद्भागवत*को अपूर्व स्थान छ । यस ग्रन्थमा भक्तिरसको यस्तो धारा प्रवाहित भएको छ कि जसले त्यस रसमयी धारामा अवगाहन गर्छ वा डुबुल्की लगाउँछ उसलाई ठूलो शीतलताको अनुभव हुन्छ । यसै महान् ग्रन्थ *श्रीमद्भागवत*को दशमस्कन्धमा वर्णन गरिएको 'पञ्चगीत' भक्तिरसले घाँटिसम्म भरिएको छ । यस गीतमा श्रीकृष्णप्रतिको व्रजका गोपीनीहरूको आन्तरिक उद्गार, अलौकिक प्रेम तथा भक्तिको यति भावपूर्ण वर्णन छ कि त्यसलाई पढेर पाठकहरू भावविभोर हुन्छन् ।

*श्रीमद्भागवत*को व्याख्याता भानुप्रतापाचार्यजीले पञ्चगीतको सम्बन्धमा आफ्नो प्रेरणा कस्तो र कसको रहेको छ, त्यस कुराको उल्लेख उहाँले आफ्नो प्राक्कथनमा गर्नुभएको छ । उहाँको जन्म राजस्थानको सवाई माधोपुरअन्तर्गतको बहराँवडाकलाँनामक गाउँमा विक्रम संवत् १९९४ को कार्तिकशुक्ल द्वितीयामा भएको

थियो । उहाँलाई आफ्ना आमाबाबुबाट सद्विचारहरूको पैतृक सम्पदा प्राप्त भयो र उहाँले भगवान् श्रीकृष्णको क्रीडास्थल वृन्दाटवीमा शिक्षा पाएर केही समय अध्यापनमा लाग्नुभयो र त्यसपछि स्वतन्त्ररूपले विभिन्न स्थानमा भगवत्कथा सुनाएर लोकहितसाधनमा लीन हुनुभयो ।

श्रीमद्भागवतका रसिक पाठकहरूका लागि प्रस्तुत पुस्तक अत्यन्त प्रेरणादायक छ र आत्म-कल्याणको अभिलाषी पाठकहरूका लागि पनि यस पुस्तकमा निकै उपयोगी सामग्री प्राप्त हुन्छ ।

भक्तिरसले भरिपूर्ण पञ्चगीतलाई नेपाली भाषामा अनुवाद गर्न पाए नेपाली पाठकहरूले पनि यसको माधुर्यको रसास्वादन गर्न पाउथे भन्ने मनमा लागेको त धेरै भयो । मौका मिलेको थिएन । अहिले प्रभुकृपाले सम्भव भयो । भगवद्भक्तिमा लाग्न मलाई प्रेरणा दिने मेरा परमपूज्य गुरु श्रीदेवीप्रसाद आचार्यप्रति म आभार प्रकट गर्दछु । साथै यो पुस्तकलाई यस रूपमा ल्याइपुऱ्याउन सहयोग गर्नु हुने डा. श्रीगोविन्द टण्डनप्रति पनि म कृतज्ञ छु । त्यसै गरी अनुवाद एवं भाषा सम्पादनमा सहयोग गर्ने श्रीरामहरि तिमिल्सिना पनि धन्यवादका पात्र हुनुहुन्छ ।

दुइ-शब्द

श्रीमद्भागवतरसिक श्रीभानुप्रतापाचार्यजीले *श्रीमद्भागवत*को दशमस्कन्धको पाँचवटा गोपीगीतहरूको अनुवाद गरेर भक्तहरूको लागि महान् कल्याण-साधन गर्नुभएको छ । एकातिर त *श्रीमद्भागवत* स्वयं नै श्रीभगवान्को अनुग्रह-विग्रह (शरीर) त हुँदै हो, दोस्रो कुरा दशमस्कन्धमा वर्णन गरिएको श्रीकृष्णचरित्र भक्तजनहरूको लागि मधुमय र लास्यमय (भाव, ताल र लय भएको नृत्य) रस-विलास हो । त्यसमा पनि गोपीनीहरूको भावमय सङ्गीतको त के कुरा गर्नु ? स्वयं श्रीभगवान्ले नै आफ्नो हृदयभित्र रहेको परमानन्द रसलाई आफ्नै वंशीद्वारा गोपीनीहरूको अन्तरङ्ग र बहिरङ्ग भरिदिएर यसैको माध्यमद्वारा उद्गीतरसको रूपमा स्वस्वरूपभूत आह्लादको आस्वादन गर्नुभएको छ ।

व्याख्याताले त्यही दिव्य रसको साधारणीकरण गरेर भावुक भक्तजनहरूको लागि जुन उपकार गर्नुभएको छ त्यसको लागि म उहाँलाई हृदयदेखि नै शुभाशंसा प्रदान गर्दछु र यो अभिलाषा गर्दछु कि उहाँद्वारा यस्तै प्रकारका अन्य लोकोपकारी शुभकार्यहरू पनि सम्पन्न होऊन् ।

स्वामी अखण्डानन्द सरस्वती

शुभेच्छा

असङ्ख्य ब्रह्माण्डहरूका नायक, करुणाका सागर, जलयुक्त बादलको जस्तो कान्ति भएका तथा सारा सृष्टिको एकमात्र आश्रय श्रीभगवान् वासुदेवले अज्ञानरूपी अन्धकारले भरिएको बाटोमा पाइलैपिच्छे दुःख पाइरहेका अल्पज्ञ जीवहरूको उद्धार गर्नको लागि र मुख्यरूपले परमात्मतत्त्वको प्राप्ति गर्नको लागि ज्ञानेन्द्रियहरू र कर्मेन्द्रियहरूसहित भएको यो दुर्लभ मानवशरीर दिनुभएको छ । सांसारिक विषयहरूको लगातार सेवन गर्दा उत्पन्न भएको अन्धकारलाई हटाउन, आत्मालाई सत्-असत् छुट्याउने कार्यमा समर्थ बनाउन र प्रत्येक वस्तुको यथार्थ ज्ञान प्राप्त गर्ने साधनको रूपमा भगवान्ले शास्त्ररूपी दीपज्योति प्रज्वलित पार्नुभएको छ । त्यसो भए पनि मरणशील पुतलीहरू जस्ता प्राणीहरूको लागि दुस्तर (तर्न अति गाह्रो) संसार-सागरबाट सजिलैसँग पारि तर्नको लागि पुराणहरूमा श्रेष्ठ *श्रीमद्भगवत*लाई छोडेर अर्को कुनै सुदृढ डुङ्गा देखिँदैन ।

*श्रीमद्भागवत*मा कर्ममिश्रित ज्ञान, भक्ति र वैराग्यको त्रिवेणी प्रवाहित छ, जुन कुरा त्यसको नामले नै स्पष्ट हुन्छ । यद्यपि सम्पूर्ण भागवतमा सबैतिर भगवद्गुणानुवाद नै देखिन आउँछ, त्यसो भए तापनि दशमस्कन्धमा वात्सल्यका जलधि परम करुणाशील भगवान् वासुदेवको चरित्र विस्तारपूर्वक वर्णित छ ।

यसै दशमस्कन्धमा भगवद्प्राप्तिको बाटो देखाइदिने तथा भगवान्को अभयस्वरूपको बोध गराउने पाँच गीतहरू– वेणुगीत, गोपीगीत, युगलगीत, भ्रमरगीत र उद्धवगीत छन् । *भागवत*मा नै

विद्वान्हरूको विद्वत्ताको परीक्षा हुन्छ, अर्थात् भागवत बुझ्न कठिन छ । त्यसकारण यी पाँच गीतहरूको सर्वजन-सुलभ भावानुवाद गरी महान् उपकार गर्नुभएको छ ।

म श्री भानुप्रतापचार्यजीलाई यस कामको लागि धन्यवाद दिँदै पाठकहरूसँग आशा गर्दछु कि तपाईंहरूले यसका त्रुटिहरूतर्फ दृष्टि नदिएर यसको गुणबाट पूरा लाभ उठाई लेखकको श्रमलाई सफल पार्नुहुनेछ ।

पं. सदाशिव शास्त्री

प्राक्कथन

समस्त विश्वमा, अझ विशेष गरेर भारतवर्षमा कुन त्यस्तो लेखक या मनीषी होला जसले श्रीकृष्णको पावन नाम र उहाँका लीला-कथाहरूद्वारा सुसज्जित *श्रीमद्भागवत*लाई नजानेको होस् ।

कलकत्तानिवासी श्रीभगवतीप्रसादजी खेतानको निवासस्थानमा विक्रम संवत् २०३७ पुरुषोत्तम मासप्रद ज्येष्ठशुक्ल प्रतिपदादेखि एक महिनासम्म मलाई *श्रीमद्भागवत*माथि प्रवचन गर्ने सौभाग्य प्राप्त भयो । त्यस वेला श्रीखेतानजीको प्रेरणा भयो कि *श्रीमद्भागवत*को दशमस्कन्धमा वर्णित पाँच गीतहरू– वेणुगीत, गोपीगीत, युगलगीत, भ्रमरगीत र उद्धवगीतका श्लोकहरूमाथि म आफ्नो भाव र भावानुवाद लेखिदिऊँ जसले गर्दा त्यसको टीकासहित प्रकाशन गर्न सकियोस् । उनको त्यसै प्रेरणाको फलस्वरूप मैले हिन्दीमा भावानुवाद गरी पुस्तक तयार पारी प्रकाशन गरें ।

ती पाँच गीतहरू अत्यन्त सरस, भावपूर्ण तथा भगवद्भक्तिले ओतप्रोत छन् । तिनै गीतहरूको भावलाई मैले त्यहाँ लेखनीवद्ध गर्ने प्रयास गरेको छु । यसमा *श्रीधरी* संस्कृत-टीका, *अन्वितार्थ-प्रकाशिका* र वृन्दावनस्थ पूज्यपाद श्रद्धेय श्रीअखण्डानन्दजी सरस्वतीको *श्रीमद्भागवत*बाट शब्दार्थ बुझ्न तथा लेख्नमा सहायता लिइएको छ, जसको लागि म हृदयदेखि नै कृतज्ञता-ज्ञापन गर्दछु ।

दीक्षा तथा शिक्षा गुरु श्रद्धास्पद स्वामी श्रीमाधवाचार्यजी र श्रीरङ्गलक्ष्मी आदर्श-संस्कृत महाविद्यालयका निवर्तमान व्याकरण-विभागाध्यक्ष, व्याकरण-वेदान्ताचार्य पूज्य पं. सदाशिवजी शास्त्री महाराजको शुभाशीर्वादबाट र विशेष गरेर स्वामी श्रीकृष्णानन्दजी महाराजको परमानुग्रहको फलस्वरूप उक्त पुस्तक अधिकमासका अधिष्ठाता श्रीपुरुषोत्तम भगवान्‌को चरणकमलमा सादर समर्पित गर्दै सबै विज्ञ पाठकहरूसँग निवेदन गर्दछु कि त्यसमा जुन सत्य तथा यथार्थ गुण छ त्यो तिनै महापुरुषहरूको कृपाको फल हो र यसमा जति पनि त्रुटिहरू छन् त्यसको लागि दोषी म हुँ । आशा गर्दछु कि यस पुस्तकबाट सबै पाठकहरूले लाभ उठाउनुहुनेछ । नेपाली भाषामा अनुवाद गरी प्रस्तुत पुस्तकको प्रकाशनमा योगदान गर्नुभएकोमा म श्रीमाधवप्रसाद प्रधानलाई हार्दिक साधुवाद दिन्छु ।

भानुप्रतापाचार्य

बहराँवडाकलाँ (सवाई माधोपुर),
राजस्थान

समर्पण

आध्यात्मिक मार्गमा

म जस्ता अनेकौँलाई

प्रवृत्त गर्ने पूज्य गुरुदेव

श्रीदेवीप्रसाद आचार्यमा

सादर समर्पण

– माधवप्रसाद प्रधान

विषय सूची

१.	वेणु-गीत	१
२.	गोपी-गीत	१०
३.	युगल-गीत	२०
४.	भ्रमर-गीत	३१
५.	उद्धव-गीत	३८

वेणु-गीत

श्रीमद्भागवतको दशमस्कन्धको एक्काईसौँ अध्यायअन्तर्गत सुन्दर शरत्कालिक प्रसङ्गमा भगवान् श्रीकृष्णले आफ्नो वेणुद्वारा जे गाउनुभएको थियो अथवा वंशीको उद्देश्यबाट आकर्षित गोपीनीहरूले जुन भाव व्यक्त गरेका थिए त्यसैको नाम वेणुगीत हो ।

वेणु आचार्य (गुरु) रूप हो । गुरु-शिष्यपरम्पराअनुसार वेणु-नाददद्वारा दीक्षित गोपीनीहरू आफूलाई भागवतधर्म या शरणागतिमार्गमा श्रीकृष्णको लागि समर्पित गर्दछन् । किनकि जीव जबसम्म गुरुद्वारा पुरस्कृत या समाश्रित हुँदैन, तबसम्म ऊ स्वयं आफ्नो साधनको बलमा भगवद्-अनुग्रहको पात्र पूर्णतया बन्न सक्दैन ।

अत: वेणुनादपरम्पराबाट समस्त गोपीनीहरूलाई परब्रह्म श्रीकृष्णको उपलब्धि र शरणागति दिने तेह्रवटा श्लोकहरू भएको यो प्रसिद्ध वेणुगीत अत्यन्त सरस छ । यो वंशीरव गोपीहरूको लागि वरदान हो ।

गोपीनीहरू भन्दछन्–

अक्षण्वतां फलमिदं न परं विदामः
सख्यः पशूननुविवेशयतोर्वयस्यैः ।
वक्त्रं व्रजेशसुतयोरनुवेणुजुष्टं
यैर्वा निपीतमनुरक्तकटाक्षमोक्षम् ॥१॥

हे सखी ! गोप सखाहरूसँग गाई चराउन वन जाने वेला श्रीकृष्णले वंशी बजाउँदै हामीहरूतिर आफ्नो प्रेमपूर्ण दृष्टिले हेर्नुहुँदाको उहाँको मुखकमलको माधुरीको जुन नेत्ररूपी भ्रमरले अनुभव गरेको छ, आँखा तथा आँखा भएकाको लागि सबैभन्दा प्रियदर्शन यही परमफल हो । यसभन्दा बढी हामीहरू विशेष केही पनि जान्दैनौँ ।

चूतप्रवालबर्हस्तबकोत्पलाब्ज-
मालानुपृक्तपरिधानविचित्रवेषौ ।
मध्ये विरेजतुरलं पशुपालगोष्ठ्यां
रङ्गे यथा नटवरौ क्व च गायमानौ ॥२॥

श्रीकृष्णले आँपको नयाँ कोपिला, मुजुरको प्वाँख, थरिथरिका फूलका गुच्छाहरू र रङ्गी-विरङ्गी कमलहरूको माला लगाउनुभएको छ । नीलाम्बर र पीताम्बर ओढ्ने विचित्र भेषधारी बलराम र घनश्याम गाई चराउने बालकहरूको सभाको बीचमा बस्दा लाग्छ कुनै नटसभामा अभिनय या गायन गर्ने दुइ श्रेष्ठ नट शोभित छन् ।

गोप्यः किमाचरदयं कुशलं स्म वेणु-
र्दामोदराधरसुधामपि गोपिकानाम् ।
भुङ्क्ते स्वयं यदवशिष्टरसं ह्रदिन्यो
ह्रष्यत्त्वचोऽश्रुमुमुचुस्तरवो यथाऽऽर्याः ॥३॥

हे सखीहरू हो ! यस वंशीले के पुण्य गरेको रहेछ कि हामी गोपीनीहरूको लागि पनि दुर्लभ दामोदरको अधर-सुधालाई स्वतन्त्रतापूर्वक उपभोग गरिरहेको छ । यस्तो लाग्दछ कि हामीहरूको लागि अलिकति पनि रस बाँकी रहँदैन । आफ्नो जलद्वारा त्यो वंशीको सिँञ्चन भएको हुनाले पोखरीहरू रोमाञ्चित भइरहेका छन् र अन्य वृक्षगणहरू पनि वेणुसँग आफ्नो सम्बन्ध मानेर आनन्दाश्रु प्रवाहित गरिरहेका देखिन्छन्, जसरी कुलवृद्ध व्यक्ति आफ्नो वंशमा कुनै एक भगवद्भक्तलाई देखेर हर्षले अश्रुपात गर्न थाल्दछ ।

वृन्दावनं सखि भुवो वितनोति कीर्तिं
यद् देवकीसुतपदाम्बुजलब्धलक्ष्मि ।
गोविन्दवेणुमनुमत्तमयूरनृत्यं
प्रेक्ष्याद्रिसान्वपरतान्यसमस्तसत्त्वम् ॥४॥

हे सखी ! यशोदाजीका छोरा श्रीश्यामसुन्दरको चरणकमलको ऐश्वर्यले युक्त भएको यो वृन्दावनले यस

पृथ्वीको सुयशलाई फैलाइरहेको छ । गोविन्दको वंशीवादनलाई सुनेर मयूर नाच्न थाल्छन् र पर्वतको टाकुरामा बस्ने सबै जीवहरू आ-आफ्नो क्रियाकलापलाई छोडेर शान्त हुन्छन् ।

धन्याः स्म मूढमतयोऽपि हरिण्य एता
या नन्दनन्दनमुपात्तविचित्रवेषम् ।
आकर्ण्य वेणुरणितं सहकृष्णसाराः
पूजां दधुर्विरचितां प्रणयावलोकैः ॥५॥

जब विचित्र भेष धारण गरेर श्रीकृष्ण वंशी बजाउनुहुन्छ त्यस वेला विवेकहीन यी हरिणीहरू आफ्ना पति कृष्णसार मृगसँगै नन्दनन्दनकहाँ आउँछन् र कमलजस्ता आफ्ना ठूलठूला आँखाले श्रीकृष्णलाई प्रेमपूर्वक एकटकले हेरिरहन्छन् । वास्तवमा यिनको जीवन धन्य छ ! यिनीहरू कृतार्थ छन्, जो श्रीकृष्णको प्रेमपूर्ण हेराइद्वारा गरिएको सत्कारलाई स्वीकार गर्दछन् ।

कृष्णं निरीक्ष्य वनितोत्सवरूपशीलं
श्रुत्वा च तत्क्वणितवेणुविचित्रगीतम् ।
देव्यो विमानगतयः स्मरनुन्नसारा
भ्रश्यत्प्रसूनकबरा मुमुहुर्विनीव्यः ॥६॥

श्यामसुन्दरको वेणुगीत सुनेर स्वर्गमा बस्ने देवीहरूको पनि विचित्र दशा हुन्छ । हरक्षण उत्सव जस्तै रूप र स्वभाव भएका श्रीकृष्णलाई देखेर तथा उनको वंशीका विचित्र गीतहरू सुनेर विमानद्वारा आफ्ना पतिसँग आकाशमा विचरण गरिरहेका देवीहरू पनि अचेतन हुन्छन् । चुल्ठोमा लगाएको फूल कहिले कहाँ खस्यो त्यो पनि उनीहरू थाहा पाउँदैनन् । यति मात्र होइन उनीहरूलाई आफ्नो वस्त्र के भयो भन्ने पनि थाहा हुँदैन ।

गावश्च कृष्णमुखनिर्गतवेणुगीत-
पीयूषमुत्तभितकर्णपुटैः पिबन्त्यः ।
शावाः स्नुतस्तनपयः कवलाः स्म तस्थु-
र्गोविन्दमात्मनि दृशाश्रुकलाः स्पृशन्त्यः ॥७॥

श्रीकृष्णको रूपसौन्दर्यलाई आफ्नै आँखाद्वारा मानसपटलमा देखेर तथा आलिङ्गन गरेर आनन्दातिरेक भएका गाईहरू पनि आफ्नो आँखाबाट आँसुको धारा बगाउँछन् । श्रीकृष्णको मुखबाट निस्केको वेणु-गीतामृत भुईंमा नपरोस् भनेर ठाडो पारिएको आफ्नो कानरूपी पात्रद्वारा त्यसलाई पिउन उभिइरहन्छन् । वंशीको आवाज सुनेर स-साना बाच्छा-बाच्छीहरू पनि आफ्नो आमाको दूध पिउन समेत भुल्छन् ।

प्रायो बताम्ब विहगा मुनयो वनेऽस्मिन्
कृष्णेक्षितं तदुदितं कलवेणुगीतम् ।
आरुह्य ये द्रुमभुजान् रुचिरप्रवालान्
शृण्वन्त्यमीलितदृशो विगतान्यवाचः ॥८॥

यस वृन्दावनमा जति पनि पक्षीहरू छन्, प्रायः ती सबै मुनि भनिन योग्य छन् । किनकि उनीहरू सुन्दर पात भएका वृक्षहरूको हाँगामा बसी मीठा फलहरू खान छोडेर चुपचाप बस्छन् र श्रीकृष्णलाई नै हेरिरहन्छन् । उनीहरू केवल श्रीकृष्णको सुमधुर सङ्गीतमय वेणुगीत मात्र सुन्ने गर्दछन् ।

नद्यस्तदा तदुपधार्य मुकुन्दगीत-
मावर्तलक्षितमनोभवभग्नवेगाः ।
आलिङ्गनस्थगितमूर्मिभुजैर्मुरारे-
र्गृह्णन्ति पादयुगलं कमलोपहाराः ॥९॥

नदीहरू पनि वेणु-नाद सुनेर आफ्नो हृदयमा स्थित श्रीकृष्णसँग मिल्नको लागि आफ्नो वेग रोकेर भुमरी पर्दछन् । ती नदीहरू श्रीकृष्णलाई आलिङ्गन गरिरहेका आफ्ना भुजाहरूद्वारा नजिकै फुलिरहेका कमलपुष्पहरूको भेट चढाउँदै श्रीमुरारीको दुवै पाउलाई मनमा धारण गर्दछन् ।

दृष्ट्वाऽऽतपे व्रजपशून् सह रामगोपैः
संचारयन्तमनु वेणुमुदीरयन्तम् ।
प्रेमप्रवृद्ध उदितः कुसुमावलीभिः
सख्युर्व्यधात् स्ववपुषाम्बुद आतपत्रम् ॥१०॥

मेघले जब श्रीकृष्ण र बलराम ग्वालाहरूसँग घाममा बाँसुरी बजाउँदै गाई चराइरहनुभएको देख्दछ त्यस वेला उसको हृदयमा प्रेम जागा भएर आउँछ र छाता बनी घामलाई छोपिदिन्छ अनि जलकरणरूपी पुष्पवर्षा गर्न थाल्दछ ।

पूर्णाः पुलिन्द्य उरुगायपदाब्जराग-
श्रीकुङ्कुमेन दयितास्तनमण्डितेन ।
तद्दर्शनस्मररुजस्तृणरूषितेन
लिम्पन्त्य आननकुचेषु जहुस्तदाधिम् ॥११॥

वनमा बस्ने यी भिल्लीनीहरूको जीवन पनि धन्य छ । गोपीनीहरूले वक्षःस्थलमा लगाएको पीत कुङ्कुम श्यामको चरणमा टाँसिन्छ । श्रीकृष्ण गाई चराउन वनमा गएको वेला उहाँको चरणमा लागेको कुङ्कुम घाँस र झारपातमा टाँसिन्छ । त्यसै कुङ्कुमको दर्शन मात्रले श्रीकृष्णसँग मिल्नको लागि उनीहरू कामातुर हुन्छन् र

कुश-तृणमा टाँसिएको कुङ्कुमलाई आफ्नो मुख तथा हृदयमा लगाई आफ्नो कामजनित व्यथा सदाको लागि त्यागिदिन्छन् ।

हन्तायमद्रिरबला हरिदासवर्यो
यद् रामकृष्णचरणस्पर्शप्रमोदः ।
मानं तनोति सहगोगणयोस्तयोर्यत्
पानीयसूपवसकन्दरकन्दमूलैः ॥१२॥

सखी ! यो पर्वतराज गोवर्द्धन त हरिदासहरूमा अत्यन्त श्रेष्ठ छ । श्रीकृष्ण र बलरामको चरणस्पर्श पाएर ऊ अत्यन्त प्रसन्न छ । गिरिराजले प्रतिदिन गाईहरूको लागि घाँस दिन्छ र गोपसखाहरूका साथै श्रीकृष्ण र बलरामलाई आफ्नो झरनाको मीठो जल, हराभरा तृणसमूह, कन्दरा तथा कन्दमूल आदिले सत्कार गर्दछ ।

गा गोपकैरनुवनं नयतोरुदार-
वेणुस्वनैः कलपदैस्तनुभृत्सु सख्यः ।
अस्पन्दनं गतिमतां पुलकस्तरूणां
निर्योगपाशकृतलक्षणयोर्विचित्रम् ॥१३॥

गोपहरूसँग वनमा गाई चराउन जाँदा जब श्रीकृष्ण वंशी बजाउनुहुन्छ तब अचल लता एवं वृक्षहरूमा चलधर्म र शरीरधारी मनुष्य, पशुपक्षी र लगातार बगिरहने नदीहरूमा अचलधर्मको उदय हुन्छ । बलराम र श्रीकृष्णको अङ्गरागयुक्त शरीर तथा शिरको हाल त विचित्र छ । दूध दुहुने वेलामा गाईको गोडामा बाँध्ने डोरीलाई उनीहरूले टाउकोमा पगरी जस्तै बाँधेका छन् ।

गोपी-गीत

श्रीराधा तथा व्रजाङ्गनाहरूसँग हुने गरेको श्रीकृष्णको दिव्यातिदिव्य चिन्मयी रासलीलाबाट श्रीरासविहारी अन्तरध्यान भएपछि गोपीनीहरूले श्रीकृष्णलाई फेरि त्यहाँ आउनको लागि गरेको प्रार्थना नै गोपीगीतको नामले वर्णित छ । जुन *श्रीमद्भागवत*को दशमस्कन्धको एकतीसौँ अध्यायमा छ ।

यस गीतका कतिपय विशेषताहरू यस प्रकार छन्–

१. यसका उन्नाइसवटा श्लोकहरूमा प्रत्येक श्लोकको द्वितीय या चतुर्थ पादमा द्वितीयाक्षर एउटै छ ।

२. यो 'ललित राजहंसी' छन्दमा छ ।

३. 'जयति तेऽधिकं' यसबाट, श्लोकको अन्तिम पद 'त्वां विचिन्वते' बाट अथवा मध्य 'दयित दृश्यतां शश्वदत्र हि' बाट, जहाँबाट श्लोक गाउन सुरु गरे पनि रागको सङ्गति प्रायः समान रूपले मिल्दछ ।

अकृत्रिम, स्वाभाविक, अद्वितीय र भावमय भक्तिरसद्वारा ओत-प्रोत श्लोक हो 'गोपी-गीत' ।

गोपीनीहरू भन्दछन्–

जयति तेऽधिकं जन्मना व्रजः श्रयत इन्दिरा शश्वदत्र हि ।
दयित दृश्यतां दिक्षु तावकास्त्वयि धृतासवस्त्वां विचिन्वते
॥१॥

हे दयित ! हजुरले यहाँ जन्म लिनुभएकोले नै बैकुण्ठादि लोकहरूभन्दा पनि बढी यस व्रजको उत्कर्ष भइरहेको छ । लक्ष्मीजी पनि सधैँभरि यस व्रजमा रहन थाल्नुभएको छ । परन्तु हजुरको प्राप्तिको आशा गरेर प्राणधारण गर्ने हजुरकै हामी गोपीनीहरू यस वनका सबै दिशाहरूमा हजुरलाई खोजिरहेका छौँ । कृपा गरेर हामीहरूलाई छिट्टै नै प्रत्यक्ष दर्शन दिनुहोस् ।

शरदुदाशये साधुजातसत्सरसिजोदरश्रीमुषा दृशा ।
सुरतनाथ तेऽशुल्कदासिका वरद निघ्नतो नेह किं वधः
॥२॥

हे अभीष्टदाता ! हजुरले शरत्कालमा जलाशयमा पूर्ण विकसित कमलको शोभा भएको हृदयहारी आफ्नो नेत्रद्वारा हाम्रो प्राणलाई अपहरण गरिसक्नुभएको छ । के शस्त्रद्वारा मार्नु मात्र मार्नु हो र ? होइन, दृष्टिले वध गर्नु पनि त वध नै हो । हे प्राणनाथ ! हामी तपाईंका विना मोलका दासी हौँ ।

विषजलाप्ययाद् व्यालराक्षसाद् वर्षमारुताद् वैद्युतानलात् ।
वृषमयात्मजाद् विश्वतो भयादृषभ ते वयं रक्षिता मुहुः
॥३॥

हे पुरुषश्रेष्ठ ! यमुनाजलमा बहिरहेको कालियनागको विषमय जल, अघासुर, अजिङ्गर, क्रोधित इन्द्रको निरन्तर आँधी, बिजुली, वायु, जल-वर्षण, वृष अरिष्टासुरको छोरा व्योमासुर आदिबाट हजुरले धेरै पटक हामीहरूको रक्षा गर्नुभएको छ । (तर फेरि यस वेला हामीहरूको उपेक्षा किन गरिरहनुभएको छ ?) ।

न खलु गोपिकानन्दनो भवानखिलदेहिनामन्तरात्मदृक् ।
विखनसार्थितो विश्वगुप्तये सख उदेयिवान् सात्वतां कुले
॥४॥

हजुर केवल यशोदाको छोरा मात्र होइन संसारका सबै प्राणीहरूको बुद्धिको साक्षी अन्तर्यामी पनि हुनुहुन्छ । विश्वपरिपालनको लागि ब्रह्मादिद्वारा प्रार्थना गरिएकोले यस सात्वतकुलमा हजुरले अवतार लिनुभएको हो ।

विरचिताभयं वृष्णिधुर्य ते चरणमीयुषां संसृतेर्भयात् ।
करसरोरुहं कान्त कामदं शिरसि धेहि नः श्रीकरग्रहम्
॥५॥

हे वृष्णिधुर्य ! हे कान्त ! संसारको जन्ममृत्युरूप भयले व्याकुल भएर हजुरको चरणकमलको शरण पर्नेहरूलाई सधैँ अभयप्रदान गर्ने तथा श्रीलक्ष्मीजीको करकमललाई समात्ने त्यस वरदहस्तलाई हाम्रो मस्तकमा राखिदिनुहोस् ।

व्रजजनार्तिहन् वीर योषितां निजजनस्मयध्वंसनस्मित ।
भज सखे भवत्किङ्करीः स्म नो जलरुहाननं चारु दर्शय
॥६॥

हे व्रजजनहरूको पीडालाई हरण गर्नुहुने श्रीकृष्ण ! तपाईंको मुस्कानले नै तपाईंका भक्तजनहरूको अभिमानलाई नष्ट गरिदिन्छ । यसैले हे वीर ! हाम्रो अभिमान अब नष्ट भइसकेको छ, अझै अन्तर्ध्यान भइदिनाले के लाभ छ र ? हामी सबै हजुरका दासीहरू हौँ । तपाईंको मधुर मुखकमल हामी गोपीनीहरूलाई देखाइदिनुहोस् ।

प्रणतदेहिनां पापकर्शनं तृणचरानुगं श्रीनिकेतनम् ।
फणिफणार्पितं ते पदाम्बुजं कृणु कुचेषु नः कृन्धि हृच्छयम्
॥७॥

आफ्नो शरण पर्न आउने जीवहरूको पाप नष्ट गर्ने, चर्न गएका गाई-बाच्छाहरूको पछिपछि लाग्ने,

लक्ष्मीको आश्रय भएका र कालिय नागको फणामाथि राखिएका तपाईंका ती मृदु चरणहरू हाम्रा अन्य अङ्गहरूभन्दा अधिक सुकोमल वक्षःस्थलमा राखिदिनुहोस्, जसले गर्दा हाम्रो हृदयको तीव्र ज्वाला शान्त होस् ।

मधुरया गिरा वल्गुवाक्यया बुधनोज्ञया पुष्करेक्षण ।
विधिकरीरिमा वीर मुह्यतीरधरसीधुनाऽऽप्याययस्व नः
॥८॥

हे कमलनयन ! कोइलीको जस्तो मधुर, ठूलाठूला विद्वान्हरूलाई समेत मोहित पार्ने हजुरको सुमधुर एवं गम्भीर वाणीबाट हामी सीधासाधा गोपीनीहरू विमुग्ध छौं; व्याकुल भइरहेका छौं । यसैले हामी दासीहरूलाई हजुरको अधरामृतबाट तृप्त गराइदिनुहोस् ।

तव कथामृतं तप्तजीवनं कविभिरीडितं कल्मषापहम् ।
श्रवणमङ्गलं श्रीमदाततं भुवि गृणन्ति ते भूरिदा जनाः
॥९॥

तपाईंका लीला-कथाहरू सुन्नु-सुनाउनुले संतप्त जीवहरूलाई शान्ति दिन्छ । ब्रह्मविद्, ज्ञानी र उपासकहरूले पनि हजुरको स्तुति गरेका छन् । हजुरको गुणगान या सुयश सुन्नाले मात्रै पनि मङ्गल हुन्छ ।

देवताहरूद्वारा उपभोग गरिने अमृत पनि यसको अगाडि तुच्छ छ । किनकि त्यो मादक छ जबकि यो कथामृत शीतल तथा शान्त छ । त्यसैले मानिसहरू हजुरको यशगान गर्दछन् ।

प्रहसितं प्रिय प्रेमवीक्षणं विहरणं च ते ध्यानमङ्गलम् ।
रहसि संविदो या हृदिस्पृशः कुहक नो मनः क्षोभयन्ति हि
॥१०॥

हे प्रियतम ! ध्यान गर्नाले मात्र पनि मङ्गलप्रद हजुरको मन्द मुस्कान र तपाईंको प्रेमपूर्वक हेराइले हाम्रो हृदयलाई उद्वेलित बनाइदिन्छ; तपाईंको एकान्तिक ख्यालठट्टाले हामी सबैको मनलाई आकुल-व्याकुल पारिदिन्छ ।

चलसि यद् व्रजाच्चारयन् पशून् नलिनसुन्दरं नाथ ते पदम् ।
शिलतृणाङ्कुरैः सीदतीति नः कलिलतां मनः कान्त गच्छति
॥११॥

हे नाथ ! तपाईं गाई चराउँदै व्रजबाट जानुहुन्छ, कमलभन्दा पनि कोमल तपाईंको चरणलाई शिलाकणहरू र तृणाङ्कुरहरूले घोच्दछन् होला, त्यसैले हाम्रो मन कोमल हुन्छ (दुख्छ) ।

दिनपरिक्षये नीलकुन्तलैर्वनरुहाननं बिभ्रदावृतम् ।
घनरजस्वलं दर्शयन् मुहुर्मनसि नः स्मरं वीर यच्छसि
॥१२॥

हे वीर ! सन्ध्याकालमा जब गाई चराइसकेर तपाईं व्रजमा फर्केर आउनुहुन्छ त्यस वेला कालो र घुम्रेको केशद्वारा ढाकिएको र गाईहरू हिँड्दा उठेको धूलोले सिङ्गारिएको आफ्नो मुखकमल देखाइदिएर हाम्रो मनमा कामभावना उत्पन्न गराइदिनुहुन्छ ।

प्रणतकामदं पद्मजार्चितं धरणिमण्डनं ध्येयमापदि ।
चरणपङ्कजं शन्तमं च ते रमण नः स्तनेष्वर्पयाधिहन् ॥१३॥

हे रमण ! हे दुःखनाशक ! प्रणाम गर्नेहरूको सबै अभीष्टहरू सिद्ध गर्ने, ब्रह्माजीद्वारा पूजित, भूदेवीको अलङ्काररूप, विपद कालमा ध्यान गर्न योग्य हजुरको पाद-पद्म हाम्रो हृदयको ज्वाला शान्त गर्नको लागि हाम्रो छातीमा राखिदिनुहोस् ।

सुरतवर्धनं शोकनाशनं स्वरितवेणुना सुष्ठु चुम्बितम् ।
इतररागविस्मारणं नृणां वितर वीर नस्तेऽधरामृतम्
॥१४॥

हे प्रियतम ! हजुरको अधरामृतले मिलनसुखलाई बढाइदिन्छ र त्यो परम दुःखनाशक छ । वंशी बजाउँदा

बिस्तारै चुम्बन गर्ने र अन्य सुखलाई बिर्साइदिने त्यही तपाईंको आफ्नो अधरामृतरूप प्रेमप्रसाद हामीलाई पनि बाँडिदिनुहोस् ।

अटति यद् भवानह्नि काननं त्रुटिर्युगायते त्वामपश्यताम् ।
कुटिलकुन्तलं श्रीमुखं च ते जड उदीक्षतां पक्ष्मकृद् दृशाम्
॥१५॥

जब दिउँसो हजुर वृन्दावनमा विहारको लागि जानुहुन्छ, त्यस वेला हजुरलाई देख्न नपाउँदा एक पल पनि हामीलाई एक युग बराबर प्रतीत हुन्छ । सन्ध्याकालमा घुम्रिएको कपाल भएको हजुरको मुहारलाई जब हामी देख्छौँ तब आँखाको परेला बनाउने ब्रह्माजी पनि जड (मूर्ख) जस्तो लाग्दछ । जुन परेलाले गर्दा केवल एक निमिष मात्र हामी श्रीकृष्ण प्रभुको अनुहार हेर्न पाउँछौँ ।

पतिसुतान्वयभ्रातृबान्धवानतिविलंघ्य तेऽन्त्यच्युतागताः ।
गतिविदस्तवोद्गीतमोहिताः कितव योषितः कस्त्यजेन्निशि
॥१६॥

तपाईंले उच्च स्वरले गाउनुभएको गीत सुनेर मोहित भएका हामीहरू आफ्ना पति, छोरा, भाइ आदि

सबैको वास्ता नगरीकन यहाँ आएका छौँ । हे प्रभु ! रात्रिमा आफैँ आएका नारीहरूलाई कसले परित्याग गर्छ ?

रहसि संविदं हृच्छयोदयं प्रहसिताननं प्रेमवीक्षणम् ।
बृहदुरः श्रियो वीक्ष्य धाम ते मुहुरतिस्पृहा मुह्यते मनः
॥१७॥

हामीमा रहेको प्रेमभावलाई जाग्रत् गर्नको लागि तपाईंको प्रसन्न मुहार र एकान्तको प्रेमपूर्वक हेराइ हामीलाई सङ्केत हुन्थ्यो । लक्ष्मीजीको निवासस्थान तपाईंको विशाल वक्षस्थल देख्दा हामी लालायित हुन्छौँ र हाम्रो मन मोहग्रस्त हुन्छ ।

व्रजवनौकसां व्यक्तिरङ्ग ते वृजिनहन्त्र्यलं विश्वमङ्गलम् ।
त्यज मनाक् च नस्त्वत्स्पृहात्मनां स्वजनहृद्रुजां यन्निषूदनम्
॥१८॥

हजुरको अवतार व्रजवासी र मुनिहरूको दुःखनाश गर्नको लागि र विश्वको मङ्गल गर्नको लागि भएको हो । अतः हजुरप्रति आसक्त भएका तपाईंका गोपीनीहरूको हृदयरोगको औषधि तपाईं नै हुनुहुन्छ । यसैले हामीलाई मिलनरूपी औषधि प्रदान गर्नुहोस् ।

यत्ते सुजातचरणाम्बुरुहं स्तनेषु
भीताः शनैः प्रिय दधीमहि कर्कशेषु ।
तेनाटवीमटसि तद् व्यथते न किंस्वित्
कूर्पादिभिर्भ्रमति धीर्भवदायुषां नः ॥१९॥

हे प्रिय ! तपाईंको सुकोमल पालुवा जस्तो चरणकमललाई हाम्रा कठोर स्तनहरूमा धारण गर्न त हामीलाई डर लाग्दछ तर हजुर रातमा गहन वनमा घुम्नुहुन्छ । त्यहाँका कठोर पत्थरहरूले घोच्दा पीडा हुँदैन र ? अवश्य हुन्छ । त्यसैले हाम्रो मन बेचैन हुन्छ । हे गोपीजनवल्लभ ! हामीहरूको जीवन-धन हजुर नै हुनुहुन्छ ।

युगल-गीत

*श्रीमद्भागवत*को दशमस्कन्धको पैंतीसौं अध्यायमा श्रीकृष्ण गाई चराउन वनमा जानुभएपछि प्रेयसी व्रजाङ्गनाहरू श्यामको विरहमा दिन काट्नको लागि श्रीकृष्णलीला कथाहरू भन्दछन् । यस अध्यायमा दुइ-दुइ श्लोकहरूको एक वाक्य मानिएको छ । त्यसैले यसलाई युगलगीत भनिन्छ । यस्ता बाह्र जोडी यसमा छन् । अघिल्लो पद्यमा लीलाको वर्णन छ र पछिल्लो पद्यमा त्यसै लीलालाई पुष्ट गर्ने कुराको वर्णन छ । पुष्ट गर्ने कुरा भइदिएन भने लीलाको आनन्द मिल्दैन । यसमा युग्मको प्रयोग भएको हुनाले यसको युगलगीत नाम सार्थक भएको छ ।

बिहान सबैरैदेखि सन्ध्याकालसम्म गाई चराउँदाको लीलाको यसमा वर्णन गरिएको छ । यस अध्यायको दोस्रो श्लोकदेखि एघारौँ श्लोकसम्म श्रीकृष्णले मध्याह्न हुनुभन्दा अघिसम्म गरेका कुराहरूको वर्णन छ । बाह्रौँ श्लोकमा मध्याह्नको लीलाको वर्णन छ र चौधौँ श्लोकमा सन्ध्याकाल हुनुभन्दा अगाडिसम्मको लीलाको वर्णन छ । अठारौँ श्लोकमा चतुर्थ प्रहरको प्रारम्भकालमा

व्रजतिर फर्कंदाको र बाईसौँ श्लोकमा सन्ध्याकालमा श्रीकृष्णको व्रजमा आगमनको वर्णन छ ।

श्रीशुकदेवजी भन्नुहुन्छ–

गोप्यः कृष्णे वनं याते तमनुद्रुतचेतसः ।
कृष्णलीलाः प्रगायन्त्यो निन्युर्दुःखेन वासरान् ॥१॥

श्रीकृष्ण गाई चराउन वनमा जानुभएपछि उहाँप्रति आसक्त गोपीनीहरू श्रीकृष्णलीलाको गान गर्दै ज्यादै दुःखी भएर दिन बिताउने गर्दछन् ।

गोपीनीहरू भन्दछन्–

वामबाहुकृतवामकपोलो वलितभ्रुरधरार्पितवेणुम् ।
कोमलाङ्गुलिभिराश्रितमार्ग गोप्य ईरयति यत्र मुकुन्दः
॥२॥

हे गोपीनीहरू ! बायाँ गालामा बायाँ हात राखेका, घुमेको आँखीभौँ भएका, सुकोमल औँलाहरू वंशीको प्वालहरूमा राख्दै वंशीलाई आफ्नो अधरमा राखेर श्रीकृष्ण वंशी बजाउँदै हुनुहुन्छ ।

व्योमयानवनिताः सह सिद्धैर्विस्मितास्तदुपधार्य सलज्जाः ।
काममार्गणसमर्पितचित्ताः कश्मलं ययुरपस्मृतनीव्यः ॥३॥

त्यस वेला आकाशमा आफ्ना पतिसँग गइरहेका देवाङ्गनाहरू पनि वेणुगीत सुनेर आश्चर्यचकित हुन्छन् र उनीहरू कामवाणबाट पीडित हुनाले उनीहरूले लगाएका वस्त्रहरूको गाँठो फुस्कन्छ । पतिहरू सँगै भएको हुनाले उनीहरू लाज मान्दछन् ।

हन्त चित्रमबलाः श्रृणुतेदं हारहास उरसि स्थिरविद्युत् ।
नन्दसूनुरयमार्तजनानां नर्मदो यर्हि कूजितवेणुः ॥४॥

प्यारी सखीहरू ! जब श्रीकृष्ण हाँस्नुहुन्छ त्यस वेला वक्षस्थलमा उहाँले लगाइराख्नुभएका हारहरूमा बिजुली चम्किएझैं हास्यरेखाहरू चम्कन थाल्दछन् । श्रीनन्दकुमारले हामी जस्ता विरहीजनहरूलाई सुख दिनको लागि नै वंशी बजाउने गर्नुहुन्छ ।

वृन्दशो व्रजवृषा मृगगावो वेणुवाद्यहृतचेतस आरात् ।
दन्तदष्टकवला धृतकर्णा निद्रिता लिखितचित्रमिवासन् ॥५॥

व्रजका गाई, गोरु तथा हरिणहरू टाढैबाट वंशीको मधुर धुनलाई सुनेर मोहित हुन्छन् । आफ्नो मुखमा राखिसकेको घाँससमेत चपाउन बिर्सेर तिनीहरू दुवै कानलाई ठाडो पारी निदाएको जस्तो भएर भित्तामा लेखिएको चित्र जस्ता हुन्छन् ।

बर्हिणस्तबकधातुपलाशैर्बद्धमल्लपरिबर्हविडम्बः ।
कर्हिचित् सबल आलि स गोपैर्गाः समाह्वयति यत्र मुकुन्दः
॥६॥

हे सखीहरू हो ! श्रीबलराम र गोपहरूसँगै श्रीकृष्ण गाईहरूलाई वंशीले बोलाउनुहुन्छ । शिरमा मयूरको प्वाँखको मुकुट, पालुवा र फूलहरूको गुच्छा अनि निधारमा रक्तधातुको तिलक लगाउँदा श्रीकृष्णको स्वरूप पहलवानहरूको समूहलाई पनि तिरस्कृत गर्ने खालको हुन्छ ।

तर्हि भग्नगतयः सरितो वै तत्पदाम्बुजरजोऽनिलनीतम् ।
स्पृहयतीर्वयमिवाबहुपुण्याः प्रेमवेपितभुजाः स्तिमितापः ॥७॥

श्रीकृष्णले वंशी बजाएको सुनेर यमुना आफ्नो वेग थामी रोकिन्छिन्, मानौं प्रमोद्रेक भएर कम्पित भुजतरङ्गले उनी श्रीकृष्णलाई आलिङ्गन गर्न चाहन्छिन् । तर हामीहरू जस्तै मन्दभाग्य भएकी यमुना आलिङ्गन गर्न नपाएपछि हावाले श्रीकृष्णको चरणको धूलो उडाएर ल्याइदेओस् भन्ने चाहन्छिन् ।

अनुचरैः समनुवर्णितवीर्य आदिपूरुष इवाचलभूतिः ।
वनचरो गिरितटेषु चरन्तीर्वेणुनाऽऽह्वयति गाः स यदा हि
॥८॥

जसरी आदिपुरुषको ब्रह्मादि देवताहरूले स्तुति गर्दछन्, त्यसरी नै गोवर्द्धन पर्वततिर या यमुनाको किनारमा गाई °चराउँदै गर्नुभएका श्रीश्यामसुन्दरको गोपगण स्तुति गर्दछन् । श्रीकृष्ण जब वंशी बजाएर गाईलाई बोलाउनुहुन्छ तब सबै गाईहरू जम्मा हुन्छन् ।

वनलतास्तरव आत्मनि विष्णुं व्यञ्जयन्त्य इव पुष्पफलाढ्याः ।
प्रणतभारविटपा मधुधाराः प्रेमहृष्टतनवः ससृजुः स्म ॥९॥

फलफूल लटरम्म हुनाले बोझद्वारा लादिएका वन लता र वृक्षहरू आफ्नो हृदयमा विष्णुलाई पाएर खुशी भई मधुधारा बगाउँछन् ।

दर्शनीयतिलको वनमालादिव्यगन्धतुलसीमधुमत्तैः ।
अलिकुलैरलघुगीतमभीष्टमाद्रियन् यर्हि सन्धितवेणुः ॥१०॥

हेर्न लायक जे जति वस्तुहरू छन् तिनमा श्रीकृष्ण प्रभु नै प्रमुख हुनुहुन्छ । उहाँको जुन वनमाला छ त्यसमा दिव्यगन्धा तुलसीको मधुद्वारा लट्ठ भएका भमराहरू गुञ्जिरहेका छन् । मानौं ती भमराहरूको गीतको आदर गर्दै वंशीलाई ओठमा राखी श्रीकृष्ण वंशी बजाउनुहुन्छ ।

सरसि सारसहंसविहङ्गाश्चारुगीतहृतचेतस एत्य ।
हरिमुपासत ते यतचित्ता हन्त मीलितदृशो धृतमौनाः ॥११॥

श्रीकृष्णले बजाउनुभएको मीठो वंशीगीत सुनेर पोखरीमा बस्ने सारस, हाँस आदि चराहरू पनि मोहित हुन्छन् र शान्त भएर आँखा चिम्ली एकाग्र मन गरेर हरिको उपासना गर्दछन् ।

सहबलः स्रगवतंसविलासः सानुषु क्षितिभृतो व्रजदेव्यः ।
हर्षयन् यर्हि वेणुरवेण जातहर्ष उपरम्भति विश्वम् ॥१२॥

हे प्यारी व्रजदेवीहरू हो ! बलरामजीसँगै श्रीकृष्ण फूलहरूलाई कानमा कुण्डल जस्तो आकारको बनाई लगाएर श्रीगिरिराज पर्वत समान भएर यस पृथ्वीमा घुम्दै स्वयं प्रसन्न भएर सम्पूर्ण विश्वलाई हर्षित पार्दै वंशी बजाउनुहुन्छ ।

महदतिक्रमणशङ्कितचेता मन्दमन्दमनुगर्जति मेघः ।
सुहृदमभ्यवर्षत् सुमनोभिश्छायया च विदधत् प्रतपत्रम्
॥१३॥

श्रीकृष्णको वंशीको आवाजभन्दा मेरो आवाज चर्को या विघ्नकारक नहोस् भनेर आकाशको मेघ पनि बिस्तारै-बिस्तारै गर्जन्छ । श्रीकृष्णलाई आफ्नो मित्र ठानेर उनलाई सूर्यको गर्मीबाट जोगाउनको लागि आफ्नो छायाँको छाता श्रीकृष्णमाथि ओढाइदिन्छ र जलवृष्टिरूपी पुष्पवर्षा गर्दछ ।

विविधगोपचरणेषु विदग्धो वेणुवाद्य उरुधा निजशिक्षाः ।
तव सुतः सति यदाधरबिम्बे दत्तवेणुरनयत् स्वरजातीः

॥१४॥

(गोपीनीहरू श्रीयशोदा माताकहाँ गएर गाई चराइसकेपछि फर्किरहनुभएका श्रीकृष्णको वर्णन गर्दै भन्दछन्–)

हे यशोदा ! गोप-क्रीडाहरूमा कुशल हुनुभएका हजुरका छोरा श्रीकृष्ण बिम्बफल जस्तो रातो आफ्नो अधरमा वंशी राखेर विभिन्न स्वरजातिहरू बजाउनुहुन्छ । वंशीनादको विषयमा धेरै शिक्षा उहाँलाई स्वतः प्राप्त भएको छ ।

सवनशस्तदुपधार्य सुरेशाः शक्रशर्वपरमेष्ठिपुरोगाः ।
कवय आनतकन्धरचित्ताः कश्मलं ययुरनिश्चिततत्त्वाः

॥१५॥

त्यस वेला इन्द्र, शिव र ब्रह्मा आदि ठूलाठूला देवताहरू, रागरागिनीका आचार्यहरू र सर्वज्ञ कविहरू पनि वेला-वेलामा गर्दन झुकाएर श्रीकृष्णले बजाएको स्वरजाति सुन्दछन् र मोहित हुन्छन् तर उनीहरू पनि त्यस तत्त्वभेदलाई निश्चित रूपमा जान्न सक्दैनन् ।

निजपदाब्जदलैर्ध्वजवज्रनीरजाङ्कुशविचित्रललामैः ।
व्रजभुवः शमयन् खुरतोदं वर्ष्मधुर्यगतिरीरितवेणुः ॥१६॥

गाईहरूको खुरले कुल्चिँदा आहत भएकी यी भूमिलाई ध्वजा, व्रजकमल, अङ्कुश आदि विचित्र चिह्नहरू र सुन्दर रेखाहरू अङ्कित आफ्नो सुकोमल पदकमलद्वारा श्रीकृष्ण शान्ति दिनुहुन्छ । महागजराजको जस्तो गति भएका श्रीनन्दकुमार वंशी बजाउँदै हिँड्नुहुन्छ ।

व्रजति तेन वयं सविलासवीक्षणार्पितमनोभववेगाः ।
कुजगतिं गमिता न विदामः कश्मलेन कबरं वसनं वा
॥१७॥

त्यस वेला उनको विलासयुक्त हेराइले हाम्रो हृदयमा मिलनको इच्छालाई ज्यादै नै बढाइदिन्छ । हामीहरू रूख जस्तै निश्चेष्ट हुन्छौँ र वस्त्र र केश फुस्केको छ वा बाँधिएकै छ भन्ने होस पनि हामीहरूलाई हुँदैन ।

मणिधरः क्वचिदागणयन् गा मालया दयितगन्धतुलस्याः ।
प्रणयिनोऽनुचरस्य कदांसे प्रक्षिपन् भुजमगायत यत्र ॥१८॥

मणिको माला लगाउने श्रीकृष्ण कहिलेकाहिँ वासनादार तुलसीको मालाले गाईहरूको सङ्ख्या गन्नुहुन्छ र कहिलेकाहिँ आफ्नो मन पर्ने कुनै साथीको काँधमा हात राखेर वंशी बजाउनुहुन्छ ।

क्वणितवेणुरवव‌ञ्चितचित्ताः कृष्णमन्वसत कृष्णगृहिण्यः ।
गुणगणार्णमनुगत्य हरिण्यो गोपिका इव विमुक्तगृहाशाः
॥१९॥

वंशीको मधुर ध्वनि सुनेर दत्तचित्त भएका कृष्णसार हरिणका गृहिणीहरू पनि गोपीनीहरू जस्तै घरको आशा छोडेर गुणका समुद्र भगवान् श्रीकृष्णको नजीक आउँछन् ।

कुन्ददामकृतकौतुकवेषो गोपगोधनवृतो यमुनायाम् ।
नन्दसूनुरनघे तव वत्सो नर्मदः प्रणयिनां विजहार ॥२०॥

हे यशोदा ! कुन्दपुष्पको माला लगाई गोठाला र गाईहरूद्वारा घेरिएर तपाईंका छोरा श्रीकृष्ण यमुनाजीको किनारमा खेलिरहनुभएको होला ।

मन्दवायुरुपवात्यनुकूलं मानयन् मलयजस्पर्शेन ।
वन्दिनस्तमुपदेवगणा ये वाद्यगीतबलिभिः परिवव्रुः ॥२१॥

चन्दन जस्तो शीतल मन्द वायु भगवान् श्रीकृष्णको स्वागत गर्नको लागि उनैको अनुकूल बग्ने गर्दछ र वन्दीहरूले जस्तै गन्धर्वहरूले वाद्य, गीत र पुष्पवर्षाद्वारा श्रीकृष्णको चारैतिरबाट सेवा-सत्कार गर्दछन् ।

वत्सलो व्रजगवां यदगध्रो वन्द्यमानचरणः पथि वृद्धैः ।
कृत्स्नगोधनमुपोह्य दिनान्ते गीतवेणुरनुगेडितकीर्तिः ॥२२॥

व्रजका गाईहरूलाई प्रेम गर्ने, गोवर्धन पर्वतलाई धारण गर्ने र बाटामा वृद्धहरूद्वारा चरणवन्दना गरिने श्रीकृष्ण सन्ध्याकालमा सबै गाईहरू लिएर बाँसुरी बजाउँदै आउनलाग्नुभयो होला ।

उत्सवं श्रमरुचापि दृशीनामुन्नयन् खुररजश्छुरितस्रक् ।
दित्सयैति सुहृदाशिष एष देवकीजठरभूरुडुराजः ॥२३॥

दिनभरि गाई चराउनाले थाकेका, गाईहरूको खुरबाट उठेको धूलोले सबै ढाकेको माला गलामा लगाएका, आफ्नो कान्तिले हाम्रो आँखालाई अपार हर्ष प्रदान गर्ने, देवकीको कोखबाट उत्पन्न भएका चन्द्रमा श्रीश्याम हामी सबैको मनोरथ सिद्ध गर्नको लागि आइरहनुभएको छ ।

मदविघूर्णितलोचन ईषन् मानदः स्वसुहृदां वनमाली ।
बदरपाण्डुवदनो मृदुगण्डं मण्डयन् कनककुण्डललक्ष्म्या ॥२४॥

सखी ! थोरै नै मदबाट जसको आँखा विह्वल भइरहेको छ, जसका दुवै गालामा सुनको कुण्डलको कान्ति शोभायमान भइरहेको छ, पाकेको बयर जस्तै जसको मुख पहेँलो छ र जसले वनमाला लगाउनुभएको

छ, भक्तलाई सम्मान गर्ने त्यस्ता श्रीकृष्ण आइरहनुभएको छ ।

यदुपतिर्द्विरदराजविहारो यामिनीपतिरिवैष दिनान्ते ।
मुदितवक्त्र उपयाति दुरन्तं मोचयन् व्रजगवां दिनतापम्
॥२५॥

हे सखी ! जसरी चन्द्रमाले दिनको सन्तापलाई आफ्नो शीतल किरणद्वारा हटाइदिन्छ, त्यसरी नै दिनभरिको विरहजन्य तापलाई मेटाउनको लागि प्रसन्नवदन श्रीकृष्ण व्रजका गाईहरूको ताप हटाउँदै नजिकै आइरहनुभएको छ ।

श्रीशुकदेवजी भन्नुहुन्छ–

एवं व्रजस्त्रियो राजन् कृष्णलीला नु गायतीः ।
रेमिरेऽहःसु तच्चित्तास्तन्मनस्का महोदयाः ॥२६॥

हे राजन् ! यसरी गोपीनीहरूको मन भगवान् श्रीकृष्णको लीला-कथा गायनमा नै रमिरहेको हुन्छ । उनीहरूको मन श्रीकृष्णमा तन्मय भएको हुन्छ ।

भ्रमर-गीत

भगवान् श्रीकृष्णको संदेशवाहक भएर आएका भक्तहरूमा अग्रणी उद्धवजी जब मथुराबाट वृन्दावनमा श्रीराधाजी र गोपीनीहरूको अगाडि आइपुग्नुहुन्छ त्यस वेला त्यहाँ एउटा 'भ्रमर' (कुनै विद्वज्जनहरूको सम्मतिमा भ्रमर भगवान् श्रीकृष्ण नै हुनुहुन्थ्यो) श्रीराधाजीको चरणकमलमा लुटपुटिन्छ । त्यस समयमा तीव्र रोषको कारणले जुन दश वाक्य श्रीराधाजीले भमरालाई भने जस्तो गरेर उद्धवजीलाई भन्नुभएको थियो, त्यसैको नाम भ्रमरगीत हो । *श्रीमद्भागवत*को दशमस्कन्धको सतचालीसौँ अध्यायको बाह्रदेखि एक्काईससम्म यी श्लोकहरू क्रमशः प्रजल्प, परिजल्प, विजल्प, उजल्प, संजल्प, अपजल्प, अभिजल्प, अजल्प, प्रतिजल्प र सुजल्प नामले चिनिन्छन् ।

गोपीनीहरू भन्दछन्–

मधुप कितवबन्धो मा स्पृशांघ्रिं सपत्न्याः
कुचविलुलितमालाकुङ्कुमश्मश्रुभिर्नः ।
वहतु मधुपतिस्तन्मानिनीनां प्रसादं
यदुसदसि विडम्ब्यं यस्य दूतस्त्वमीदृक् ॥१॥

हे भमरा ! हाम्रो सौताको वक्षःस्थलमा आलिङ्गन गर्दा थिचिएको श्रीकृष्णको वनमालाको स्पर्शबाट लागेको कुङ्कुमले गर्दा रातो-पहेँलो भएको जुँगाले हाम्रो पाउमा नछोऊ । हे श्रीकृष्णका दूत मथुराका मानिनीहरूको कुचकुङ्कुमयुक्त प्रसाद यदुवंशीहरूको सभामा लगिदेऊ ।

सकृदधरसुधां स्वां मोहिनीं पाययित्वा
सुमनस इव सद्यस्तत्यजेऽस्मान् भवादृक् ।
परिचरति कथं तत्पादपद्मं तु पद्मा
ह्यपि बत हृतचेता उत्तमश्लोकजल्पैः ॥२॥

हे भमरा ! जसरी तिमीले रस चुसिसकेपछि फूललाई छोडेर उडेर जान्छौ त्यसरी नै श्रीकृष्ण पनि एक पटक मात्रै आफ्नो मोहक अधरसुधा पान गराई हामीलाई छोडेर जानुभयो । ती अत्यन्त चञ्चल लक्ष्मीजी कसरी त्यस्ताको चरणसेवा गर्नुहुन्छ ? नारद आदिद्वारा श्रीकृष्णको विषयमा भनिएको प्रशंसात्मक वचनद्वारा आकर्षित भएर या श्रीकृष्णको छलछामले भरिएको कुरामा आएर लक्ष्मीजीले उनको सेवा-सुश्रुषा गर्दै हुनुहुन्छ ।

किमिह बहु षडङ्घ्रे गायसि त्वं यदूना-
मधिपतिमगृहाणामग्रतो नः पुराणम् ।
विजयसखसखीनां गीयतां तत्प्रसङ्गः
क्षपितकुचरुजस्ते कल्पयन्तीष्टमिष्टाः ॥३॥

हे भमरा ! भगवान् श्रीकृष्णको लागि घरबार छोडिसकेका हामीहरूको अगाडि यदुपतिहरूका अधिपति श्रीकृष्णको गुणको बढाइचढाइ गरेर किन गान गर्दैछौ ? तिमी अर्जुनका मित्र भगवान् श्रीकृष्णका प्यारी मथुरावासीनी सखीहरूको आगडि गएर श्रीकृष्णको वर्णन सुनाऊ, किनभने तिनीहरू अब श्रीकृष्णलाई निक्कै प्यारा लाग्ने गरेका छन् । उनीहरूको हृदयको पीडालाई उहाँले मेटाइदिनुभएको छ । उनीहरूले नै तिम्रो इच्छालाई पूरा गरिदिनेछन् ।

दिवि भुवि च रसायां काः स्त्रियस्तद् दुरापाः
कपटरुचिरहासभ्रूविजृम्भस्य याः स्युः ।
चरणरज उपास्ते यस्य भूतिर्वयं का
अपि च कृपणपक्षे ह्युत्तमश्लोकशब्दः ॥४॥

उनको मुस्कान र भोगादिसूचक भ्रूविलासद्वारा वशमा नपर्ने स्त्री स्वर्ग, पृथ्वी र पातालमा पनि छैन । जसको चरणधूलिको लागि लक्ष्मी लालायित रहन्छिन् भने हामीलाई श्रीकृष्णले किन वास्ता गर्ये ? परन्तु हे भमरा ! तिमीले उनलाई भनिदिनु कि उनको नाम 'उत्तम-श्लोक' तब मात्र सार्थक हुन्छ जब हामीजस्तामाथि पनि उनले ध्यान दिन्छन् ।

विसृज शिरसि पादं वेद्म्यहं चाटुकारै-
रनुनयविदुषस्तेऽभ्येत्य दौत्यैर्मुकुन्दात् ।
स्वकृत इह विसृष्टापत्यपत्यन्यलोका
व्यसृजदकृतचेताः किं नु संधेयमस्मिन् ॥५॥

हे भमरा ! मेरो पाउमा राखिएको तिम्रो शिर त्यहाँबाट हटाऊ । लाग्दछ तिमीले पनि कसरी अनुनय विनय गरेर रिसाएर बसेकीलाई मनाउनुपर्दछ भन्ने कुरा श्रीकृष्णबाट सिकेर आएको हुनुपर्छ । हामीले त श्रीकृष्णकै लागि आफ्ना पति, पुत्र, धर्म र स्वर्गलोकको सुखलाई समेत त्यागिसकेका छौँ । तर पनि उहाँ हामीलाई छोडेर हिँड्नुभयो । के यस्ता कृतघ्नसँग फेरि मिल्न जानु उचित होला त ?

मृगयुरिव कपीन्द्रं विव्यधेऽलुब्धधर्मा
स्त्रियमकृत विरूपां स्त्रीजितः कामयानाम् ।
बलिमपि बलिमत्त्वावेष्टयद् ध्वाङ्क्षवद् यस्-
तदलमसितसख्यैर्दुस्त्यजस्तत्कथार्थः ॥६॥

हे भमरा ! पूर्वजन्ममा पनि उहाँको यस्तै स्वभाव थियो । त्रेता युगमा उहाँ नै श्रीराम हुनुहुन्थ्यो । व्याधाले झैँ उहाँले वालीलाई मार्नुभएको थियो र कामको वशीभूत भएर शूर्पणखा उहाँकहाँ आउँदा उसको नाक-कान काटेर

विरूप पारिदिनुभएको थियो । वामनको अवतार लिएर बलिबाट दान गराई उसैलाई पातालमा पठाइदिनुभएको थियो । जसरी काग केही खाएपछि दिने मानिसलाई नै घेरी बस्छ, उहाँ त्यस्तै हुनुहुन्छ । त्यसैले श्रीकृष्णको मित्रतासँग अब हामीलाई कत्ति पनि प्रयोजन छैन, तापनि उहाँको गुणानुवाद गर्ने कामलाई त्याग्न त सकिँदैन ।

यदनुचरितलीलाकर्णपीयूषविप्रुट्-
सकृददनविधूतद्वन्द्वधर्मा विनष्टाः ।
सपदि गृहकुटुम्बं दीनमुत्सृज्य दीना
बहव इव विहङ्गा भिक्षुचर्यां चरन्ति ॥७॥

हे भमरा ! जुन मानिसले श्रीकृष्णको कथारूपी अमृतको थोपा आफ्नो कानद्वारा पिएको छ त्यसले गृहस्थधर्म छोडिदिन्छ र पक्षी जस्तो भएर जीवनयापनको लागि भिक्षु बन्दछन् ।

वयमृतमिव जिह्मव्याहृतं श्रद्दधानाः
कुलिकरुतमिवाज्ञाः कृष्णवध्वो हरिण्यः ।
ददृशुरसकृदेतत्तन्नखस्पर्शतीव्र-
स्मररुज उपमन्त्रिन् भण्यतामन्यवार्ता ॥८॥

हे भ्रमरा ! जसरी कृष्णसारमृगका सीधासाधा पत्नीहरू व्याधाको मधुर गाना सुनेर मोहित भई त्यस

व्याधाको नजिक आउँछन् र त्यो व्याधाले वाण हान्दछ, त्यसैगरी श्रीकृष्णको कपटयुक्त वाणीलाई सत्य ठान्नाले अहिले म उनको नखरस्पर्शबाट उत्पन्न तीव्र कामपीडालाई अनुभव गर्दैछु । त्यसैले हे भमरा ! यस प्रसङ्गलाई छोडेर अब तिमी अर्को कुनै कुरा गर ।

(भमरा केही पर गएर फेरि फर्केर आउँछ)

प्रियसख पुनरागाः प्रेयसा प्रेषितः किं
वरय किमनुरुन्धे माननीयोऽसि मेऽङ्ग ।
नयसि कथमिहास्मान् दुस्त्यजद्वन्द्वपार्श्वं
सततमुरसि सौम्य श्रीर्वधूः साकमास्ते ॥९॥

हे भमरा ! के प्रिय श्यामसुन्दरले फेरि तिमीलाई यहाँ पठाउनुभयो ? तिमी माननीय छौ, माग तिमी के चाहन्छौ ? तिमी हामीलाई श्रीकृष्ण प्रभु राज हुनुभएको ठाउँमा लैजान सक्छौ र ? किनकि उहाँको हृदयमा त निरन्तर लक्ष्मी निवास गरिरहन्छिन् ।

अपि बत मधुपुर्यामार्यपुत्रोऽधुनाऽऽस्ते
स्मरति स पितृगेहान् सौम्य बन्धूंश्च गोपान् ।
क्वचिदपि स कथा नः किङ्करीणां गृणीते
भुजमगुरुसुगन्धं मूर्ध्न्यधास्यत् कदा नु ॥१०॥

हे भ्रमर ! भगवान् श्रीकृष्ण उपनयन संस्कार भइसकेपछि विद्याध्ययन गर्नको लागि जानुभएको छ भन्ने हामीले सुनेका छौँ । भन त गुरुगृहबाट फर्केका श्रीकृष्ण मथुरामा सकुशल त हुनुहुन्छ ? श्रीकृष्ण आफ्ना मातापिता तथा सम्बन्धिहरूको चर्चा गर्नुहुन्छ होला, हामी दासीहरूको पनि प्रसङ्गवस चर्चा गर्नुहुन्छ र ? अगरु चन्दनसमान सुगन्धित हात कहिले श्रीकृष्णले हाम्रो शिरमा राखिदिनुहोला ?

उद्धव-गीत

वृन्दावनमा गोपीनीहरू र उद्धवको भेट भएको ठाउँ आजसम्म पनि 'ज्ञान-गूदडी' नामले प्रसिद्ध छ । त्यहाँ उद्धवजीले दिनुभएको आत्मज्ञानसम्बन्धी उपदेशलाई व्रजाङ्गनाहरूले अनुपयुक्त ठानेर मथुरातिर फर्केर श्रीकृष्णविरहमा जब उच्च स्वरले 'हे नाथ ! हे व्रजनाथ ! हे रमानाथ ! दुःख-समुद्रमा मग्न भइरहेका गोकुलवासीहरूको छिट्टै उद्धार गर्नुहोस् !' भनेर विलाप गर्न थाल्दछन् । त्यस वेला गोपीनीहरूको श्रीकृष्णप्रतिको अनन्य प्रीतिलाई देखेर उद्धवजीले गोपीनीहरूलाई जुन कुरा भन्नुभएको थियो, त्यसैलाई 'उद्धवगीत' भनिन्छ । पहिलो एक श्लोकमा र अन्तिम एक श्लोकमा उद्धवजीले गोपीनीहरूको चरणमा प्रणाम गर्नुभएको छ । यी दुइ श्लोकसहित गरेर सात श्लोकहरू यस गीतमा छन् । जुन *श्रीमद्भगवत*को दशमस्कन्धको ४७ अध्यायको ५७ देखि ६३ सम्मका श्लोकहरू हुन् ।

दृष्ट्वैवमादि गोपीनां कृष्णावेशात्मविक्लवम् ।
उद्धवः परमप्रीतस्ता नमस्यन्निदं जगौ ॥१॥

भगवान् श्रीकृष्णको प्रेममा विह्वल भएका गोपीनीहरूको मनको अवस्थालाई देखेर श्रीउद्धवजीले स्नेहपूर्वक गोपीनीहरूलाई प्रणाम गरेर भन्न लाग्नुभयो–

एताः परं तनुभृतो भुवि गोपवध्वो
गोविन्द एव निखिलात्मनि रूढभावाः ।
वाञ्छन्ति यद् भवभियो मुनयो वयं च
किं ब्रह्मजन्मभिरनन्तकथारसस्य ॥२॥

यी गोपीनीहरूले यस संसारमा मानवशरीर धारण गरेका छन् तर यिनीहरूको आत्मामा गोविन्द मात्र छन् । यस्तो सर्वोत्तम माधुर्यमय गोपी-भाव प्राप्त गर्न संसारको दुःखबाट छुट्कारा पाउन चाहने ऋषिहरू र हामी पनि चाहन्छौं ।

क्वेमाः स्त्रियो वनचरीर्व्यभिचारदुष्टाः
कृष्णे क्व चैष परमात्मनि रूढभावः ।
नन्वीश्वरोऽनुभजतोऽविदुषोऽपि साक्षा-
च्छ्रेयस्तनोत्यगदराज इवोपयुक्तः ॥३॥

कहाँ यी वनमा घुम्ने व्यभिचारीणी स्त्रीहरू र कहाँ परमात्मस्वरूप श्रीकृष्ण । नजानी-नजानीकनै ईश्वरको आराधना गरे पनि कुशल चिकित्सककहाँ पुगेपछि रोग निको भए जस्तै श्रेयप्राप्ति हुन्छ ।

नायं श्रियोऽङ्ग उ नितान्तरतेः प्रसादः
स्वर्योषितां नलिनगन्धरुचां कुतोऽन्याः ।
रासोत्सवेऽस्य भुजदण्डगृहीतकण्ठ-
लब्धाशिषां य उदगाद् व्रजवल्लवीनाम् ॥४॥

गोपीनीहरूसँगको रासक्रीडाको समयमा श्रीकृष्णका विशाल भुजदण्डले गोपीनीहरूको कण्ठको आलिङ्गन गर्दा जुन रतिप्रसाद उत्पन्न भयो, त्यस्तो प्रसाद लक्ष्मीलाई र अप्सराहरूलाई त प्राप्त भएको छैन भने अरूलाई त के प्राप्त हुनु !

आसामहो चरणरेणुजुषामहं स्यां
वृन्दावने किमपि गुल्मलतौषधीनाम् ।
या दुस्त्यजं स्वजनमार्यपथं च हित्वा
भेजुर्मुकुन्दपदवीं श्रुतिभिर्विमृग्याम् ॥५॥

म (उद्धव) पनि वृन्दावनमा गोपीनीहरूको चरणधूलीको सेवन गर्ने लता या बिरुवा हुन पाऊँ । यी गोपीनीहरूले पतिपुत्रादि स्वजनहरूको स्नेह-शृङ्खलालाई सजिलैसँग छोडेर वेदमन्त्रद्वारा पनि अप्राप्य भगवान् श्रीकृष्णसँगको ऐक्यभाव प्राप्त गरेका छन् ।

या वै श्रियार्चितमजादिभिराप्तकामै-
र्योगेश्वरैरपि यदात्मनि रासगोष्ठ्याम् ।
कृष्णस्य तद् भगवतश्चरणारविन्दं
न्यस्तं स्तनेषु विजहुः परिरभ्य तापम् ॥६॥

भगवान् श्रीकृष्णको जुन चरणारविन्दलाई श्रीलक्ष्मीजी नित्य पूजा गरिरहनुहुन्छ, ब्रह्माजी पनि जुन पादपद्मको सेवा गर्नुहुन्छ, सिद्धयोगेश्वरहरू पनि जुन चरणारविन्दको चिन्तन गरिरहन्छन्, श्रीकृष्णका तिनै पादपद्मलाई रासोत्सवको वेलामा गोपीनीहरू आफ्नो हृदयमा स्थापित गरेर काम-सन्तापलाई छोडिदिन्छन् ।

वन्दे नन्दव्रजस्त्रीणां पादरेणुमभीक्ष्णशः ।
यासां हरिकथोद्गीतं पुनाति भुवनत्रयम् ॥७॥

व्रजका गोपीनीहरूको चरणधूलीको म (उद्धव) बारम्बार वन्दना गर्दछु, हरिकथाहरूमा वर्णित जुन चरणधूलीले तीनै लोकलाई पवित्र गरिदिन्छ ।

2pf.yr2f
yzzzhf

पि.ए.53

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

ॐ शान्तिः शान्तिः शान्तिः

सच्चिदानन्दघन परब्रह्म पुरुषोत्तम सबै प्रकारले सदासर्वदा परिपूर्ण हुनुहुन्छ । यो जगत् पनि उनै परब्रह्मबाट पूर्ण छ; किनकि यो पूर्ण उनै पूर्ण पुरुषोत्तमबाट नै उत्पन्न भएको हो । यस प्रकार परब्रह्मको पूर्णताबाट जगत् पूर्ण छ; त्यसैले पनि त्यो परिपूर्ण छ । त्यो पूर्ण ब्रह्मबाट पूर्णलाई निकाले पनि पूर्ण नै बाँकी रहन्छ ।

त्रिविध तापको शान्ति होस् ।